# रेडक्रस

नेरेसो

समाचारप्रधान मासिक पत्रिका

वर्ष ५४, अंक १२ | २०८० साउन | July-Aug. 2023


## नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यसमितिको निर्वाचन सम्पन्न




काठमाडौं, साउन २ गते । नेपाल रेडक्रस सोसाइटी (नेरेसो) केन्द्रीय सभाको विशेष महाधिवेशन साउन १ र २ गते काठमाडौमा सम्पन्न भएको छ। विशेष महाधिवेशनले आगामी २ बर्षे अवधिका लागि केन्द्रीय कार्यसमितिको चयन गरेको छ । केन्द्रीय कार्यसमितिमा पदाधिकारी र सदस्य गरी जम्मा ३३ जना निर्वाचित हुने व्यवस्था छ। विशेष महाधिवेशनले रुपन्देहीका प्रा. सुदर्शनप्रसाद नेपाललाई अध्यक्ष पदमा निर्वाचित गरेको छ। अन्य पदाधिकारीहरूमा उपाध्यक्ष अर्घाखाँचीकी राधा नेपाली (महिला) र डडेलधुराका सुरेन्द्रसिंह ऐर (खुल्ला), महामन्त्रीमा तेह्रथुमका भूपतिलाल श्रेष्ठ, कोषाध्यक्षमा जाजरकोटका वीर बहादुर बस्नेत, उपमहामन्त्रीमा भक्तपुरका मनोजकुमार थापा र उपकोषाध्यक्षमा कास्कीका डोलराज पाण्डे निर्विरोध निर्वाचित हुनुभएको छ ।

यसैगरी विशेष महाधिवेशनले महिला सदस्यतर्फ मुस्ताङकी पुष्पा भट्टचन शेरचन, बैतडीकी शान्ति चन्द र दाङका भगवती शर्मालाई निर्वाचित गरेको छ । प्रदेशअनुसार केन्द्रीय सदस्य निर्वाचित हुने व्यवस्थाअनुसार कोशी प्रदेशबाट पाँचथरका कृष्णप्रसाद न्यौपाने (निर्विरोध), मधेश प्रदेशबाट सर्लाहीका नागेन्द्रप्रसाद चौधरी (निर्वाचित), बागमती प्रदेशबाट सिन्धुपाल्चोकका राजेन्द्रमान ताल्चाभँडेल (निर्विरोध), गण्डकीबाट स्याङ्जाका दिनेश अर्याल (निर्वाचित), लुम्बिनीबाट गुल्मीका अनुपकुमार श्रेष्ठ (निर्विरोध), कर्णालीबाट सुर्खेतका रामलाल आचार्य (निर्वाचित) र सुदूरपश्चिमबाट डोटीका लक्षीराम कुँवर (निर्विरोध) चयन हुनुभएको छ ।

साथै, केन्द्रीय सदस्यहरूमा सल्यानका यौवनप्रकाश श्रेष्ठ, प्यूठानका गुमानराज पुलामी, तनहूँका प्रा. डा. कृष्णप्रसाद गौतम, बाराका सपूतबहादुर कार्की, दैलेखका भेषबहादुर थापा, रुकुम पश्चिमका शिबराम खत्री, नुवाकोटका विष्णुराज नेपाल, धादिङका नारायणप्रसाद तिमिल्सिना, धनुषाका नरेशप्रसाद सिंह, उदयपुरका बिनोदकुमार बस्नेत, कैलालीका उत्तम जोशी, रोल्पाका नौलसिंह पुन, रामेछापका शिबकुमार कार्की, चितवनका हरिप्रसाद पौडेल, ओखलढुङ्गाका मोहनकुमार श्रेष्ठ र सुनसरीका उमेश थापा निर्वाचित हुनुभएको छ ।

नेरेसोको निर्वाचित कार्यसमितिको पदावधि नेरेसोको विधान (सत्रौं संशोधन) बमोजिम आगामी २ वर्षको हुनेछ। जम्मा २४२ प्रतिनिधिहरू मध्ये उपस्थित २०१ सभासदबाट आफ्नो मत जाहेर गर्नुभएको थियो।

## पदाधिकारीहरूद्वारा पदभार ग्रहण



साउन २ गते। नेपाल रेडक्रस सोसाइटीका नवनिर्वाचित पदाधिकारी र केन्द्रीय सदस्यहरूलाई केन्द्रीय कार्यालयका कर्मचारीहरूको तर्फबाट फूलमाला र खादा लगाई स्वागत गरिएको छ। स्वागत पश्चात अध्यक्ष सुदर्शनप्रसाद नेपालसहित नव निर्वाचित केन्द्रीय कार्य समितिका अन्य पदाधिकारीहरूले आफ्नो पदभार ग्रहण गर्नुभएको छ।

सोही दिन नव निर्वाचित कार्यसमितिको केन्द्रीय कार्यालयमा दोस्रो वैठक पनि सम्पन्न भएको छ। पहिलो बैठक साउन २ गते सभा स्थलमा गरिएको थियो । केन्द्रीय कार्य समितिको बैठकमा विगत केही समयबाट नियोजित ढङ्गबाट संस्थाको गरिमा र छविमा आँच पुऱ्याउने गरी पूर्व तर्दथ समितिका केही व्यक्तिहरूका तर्फबाट संस्थाको

(बाँकि पृष्ठ ५ मा)

# सम्पादकीय

## नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यसमितिको चुनावले दिएको उमङ्ग

नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यसमितिको विगत लामो समयदेखि चुनाव हुन सकेको थिएन । बि. सं. २०७१ सालमा निर्वाचन भएपश्चात् २०८० साल साउन २ गते निर्वाचन भई प्राध्यापक सुदर्शनप्रसाद नेपालको अध्यक्षतामा ३३ सदस्यीय कार्यसमिति चयन भएको छ । लामो समयदेखि केन्द्रीय कार्यसमितिको निर्वाचन हुन नसकेकाले संस्थामा निर्वाचित नेतृत्वको अभावमा विभिन्न अवरोधहरू खडा भएका थिए । यसै बीच सरकारले विभिन्न समयमा केन्द्रीय तदर्थ कार्यसमिति गठन गरी वैद्यानिक दायित्व पूरा गराउन विभिन्न प्रयासहरू पनि भएका थिए । तथापि संस्था नवीकरण, रेडक्रस ऐन लागू गर्ने र संस्थामा सुशासन कायम गराई मानवीय सेवा कार्यमा नेपाल रेडक्रस सोसाइटीलाई समुदायसँग अझ नजिक पुऱ्याउने कार्यमा उल्लेख्य उपलब्धि हाँसिल गर्न सकिएको थिएन ।

हाल प्राध्यापक सुदर्शनप्रसाद नेपालको अध्यक्षतामा निर्वाचित कार्यसमितिको काँधमा संस्थाको वैद्यानिक र प्रशासनिक निकाश खुलाउने ठूलो भार परेको छ । संस्था नवीकरण, देशैभरको नेरेसोका निकायहरूको कार्यमा चुस्तता ल्याई समुदायप्रतिको जवाफदेहिता वहन र रेडक्रस कानुन निर्माणमा सहजीकरण गर्दै नेपाल रेडक्रस सोसाइटीलाई कानुनद्वारा सञ्चालित संस्थाको रुपमा स्थापित गर्दै लैजानु पर्ने अभिभारा हालको कार्यसमितिको जिम्मेवारी देखिएको छ । यसैगरी संस्थाको मानवीय सेवा कार्यमा प्रयोग हुने चल अचल सम्पत्ति तथा सवारी साधनमा लाग्ने र संस्थाको आयमा लाग्ने आयकरलगायत अन्य करका बिषयमा संस्थालाई उपयुक्त निकास गराउन नेपाल सरकारलाई अनुरोध गर्दै आवश्यक पहल कदमी चाल्नु नवनिर्वाचित समितिको दायित्व देखिन्छ ।

लामो समयको अन्तरालपश्चात संस्थाको निर्वाचन भई केन्द्रीय कार्यसमितिले बैद्यानिकता प्राप्त गरेको र संस्थामा रहेको निर्वाचित कार्यसमितिको रिक्तता पूर्ण भएको छ । केन्द्रीय कार्यसमितिको निर्वाचनमा देशैभरबाट ७ वटै प्रदेश कार्यसमिति र हुम्ला वाहेक सबै जिल्ला शाखाहरूको उपस्थितिमा निर्वाचन सम्पन्न भएको छ । निर्वाचित केन्द्रीय कार्यसमिति सामु नेरेसोको आगामी मार्गचित्र स्पष्ट गर्दै संस्थालाई पारदर्शी, जवाफदेही र सेवा प्रवाहमा चुस्त संस्थाका रूपमा अगाडि बढाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने जिम्मेवारी रहेको छ । विपद् तथा महामारीको अवस्थामा समुदायमा सबैभन्दा पहिला प्रतिकार्य गर्ने निकायको रूपमा स्थापित संस्थाको अवस्थलाई अझ प्रभावकारी बनाउन केन्द्रीय कार्यसमितिको निर्वाचनले सहज बनाउने अपेक्षा गरिएको छ । मानवीय सेवाका कार्यहरू राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी निकायहरूसँगको साझेदारी बढाउनमा समेत यस निर्वाचित कार्यसमितिले थप पहल गर्ने अपेक्षा सबैले गरेका छन् । देशैभर सञ्चालित रक्तसञ्चार, एम्बुलेन्स, आँखा स्याहार, सचेतना अभिबृद्धिलगायतका सेवामूलक कार्यहरू अझ गुणस्तरीय बनाउँदै अगाडि बढ्न संस्थालाई नेतृत्वदायी भूमिका निर्वाह गर्न यस निर्वाचनले सहयोग गरेको छ ।

समग्रमा हेर्दा नेरेसो रेडक्रस कानुनद्वारा सञ्चालित भई नेपालको मानवीय सेवामा सरकारको सहयोगी निकायको रूपमा स्थापित गर्न सबै सरोकारवालाहरूको भूमिका अपरिहार्य छ । आगामी दिनहरूमा सम्पूर्ण रेडक्रसकर्मी तथा रेडक्रस प्रेमीहरूको साथ, सहयोग र सहकार्यमा समुदायप्रति जवाफदेही हुँदै कार्य अगाडि बढाउनु सबैको जिम्मेवारी हो । यस कार्यमा नवनिर्वाचित केन्द्रीय कार्यसमितिले अभिभावकीय भूमिका निर्वाह गर्न सक्नु पर्दछ ।

कार्यकारी सम्पादक : धर्मदत्त बिडारी
सहायक सम्पादक : नरेन्द्र श्रेष्ठ

## नवनिर्वाचित कार्यसमितिका पदाधिकारी र सदस्यहरूको नामावली

नेपाल रेडक्रस सोसाइटी केन्द्रीय सभाको साउन १ र २ गते काठमाडौमा सम्पन्न निर्वाचन विशेष महाधिवेशनले आगामी २ बर्षे अवधिका ३३ सदस्यीय केन्द्रीय कार्यसमितिको निर्वाचन गरेको छ । केन्द्रीय कार्यसमितिमा समाज कल्याण परिषद्बाट एक जना प्रतिनिधि रहने व्यवस्था छ । केन्द्रीय कार्यसमितिको पदाधिकारी र सदस्यहरूको नामावली निम्नानुसार छ :

| नाम,थर | पद | जिल्ला |
|---|---|---|
| १) प्रा. सुदर्शनप्रसाद नेपाल | अध्यक्ष | रुपन्देही |
| २) राधा नेपाली | उपाध्यक्ष (महिला) | अर्घाखाँची |
| ३) सुरेन्द्रसिंह ऐर | उपाध्यक्ष | डडेलधुरा |
| ४) भूपतिलाल श्रेष्ठ | महामन्त्री | तेह्रथुम |
| ५) वीरबहादुर बस्नेत | कोषाध्यक्ष | जाजरकोट |
| ६) मनोजकुमार थापा | उपमहामन्त्री | भक्तपुर |
| ७) डोलराज पाण्डे | उपकोषाध्यक्ष | कास्की |
| ८) पुष्पा भट्टचन शेरचन | सदस्य (महिला) | मुस्ताङ |
| ९) शान्ति चन्द | सदस्य (महिला) | बैतडी |
| १०) भगवती शर्मा | सदस्य (महिला) | दाङ |
| ११) कृष्णप्रसाद न्यौपाने | सदस्य(कोशी प्रदेश) | पाँचथर |
| १२) नागेन्द्रप्रसाद चौधरी | सदस्य(मधेस प्रदेश) | सर्लाही |
| १३) राजेन्द्रमान ताल्चाभँडेल | सदस्य(वागमती प्रदेश) | सिन्धुपाल्चोक |
| १४) दिनेश अर्याल | सदस्य(गण्डकी प्रदेश) | स्याङ्जा |
| १५) अनुपकुमार श्रेष्ठ | सदस्य (लुम्बिनी प्रदेश) | गुल्मी |
| १६) रामलाल आचार्य | सदस्य(कर्णाली प्रदेश) | सुर्खेत |
| १७) लक्षीराम कुँवर | सदस्य(सु.प.प्रदेश) | डोटी |
| १८) उत्तम जोशी | सदस्य | कैलाली |
| १९) विष्णुराज नेपाल | सदस्य | नुवाकोट |
| २०) विनोदकुमार बस्नेत | सदस्य | उदयपुर |
| २१) नौलसिंह पुन | सदस्य | रोल्पा |
| २२) प्रा. डा. कृष्णप्रसाद गौतम | सदस्य | तनहुँ |
| २३) शिवकुमार कार्की | सदस्य | रामेछाप |
| २४) उमेश थापा | सदस्य | सुनसरी |
| २५) मोहनकुमार श्रेष्ठ | सदस्य | ओखलढुङ्गा |
| २६) सपुतबहादुर कार्की | सदस्य | बारा |
| २७) यौवनप्रकाश श्रेष्ठ | सदस्य | सल्यान |
| २८) हरिप्रसाद पौडेल | सदस्य | चितवन |
| २९) गुमानराज पुलामी | सदस्य | प्यूठान |
| ३०) नारायणप्रसाद तिमिल्सिना | सदस्य | धादिङ |
| ३१) नरेशप्रसाद सिंह | सदस्य | धनुषा |
| ३२) शिवराम खत्री | सदस्य | रुकुम.प. |
| ३३) भेषबहादुर थापा | सदस्य | दैलेख |
| ३४) मोनिका भट्टराई अधिकारी | सदस्य | समाज कल्याण परिषद् |

**यस्तै नवनिर्वाचित केन्द्रीय कार्यसमितिको साउन ३ र ४ गते सम्पन्न बैठकले देहायबमोजिम विषयगत समितिका संयोजक तोकेको छ ।**

जसअनुसार विपद् तथा संकट व्यवस्थापन समितिमा विनोदकुमार बस्नेत, स्वास्थ्य सेवा समितिमा नौल सिंह पुन, सामुदायिक समितिमा गुमानराज पुलामी, मानवीय मूल्य तथा सञ्चार समितिमा उत्तम जोशी, लैंगिक तथा समावेशी समितिमा भगवती शर्मा, संगठन तथा जनशक्ति विकास समितिमा नारायणप्रसाद तिमल्सिना, जुनियर तथा युवा समितिमा विष्णुराज नेपाल, आर्थिक तथा स्रोत व्यवस्थापन समितिमा भेषबहादुर थापा र रक्तसञ्चार सेवा व्यवस्थापन समितिमा मनोजकुमार थापालाई संयोजक तोकिएको छ ।

● सधैं सन्देह गरिरहने मान्छेको लागि सुख न यो लोकमा छ, न परलोकमा । - श्रीमद्भागवत ।

## सम्माननीय प्रधानमन्त्रीसँग भेटघाट



सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूसँग नेपाल रेडक्रस सोसाइटी (नेरेसो) को केन्द्रीय कार्यसमितिका अध्यक्ष, महामन्त्री र अन्य पदाधिकारी तथा कार्यकारी निर्देशक सहितको टोलीले साउन ४ गते विहान प्रधानमन्त्री निवास बालुवाटारमा भेट गरेको छ । भेटमा नेपाल रेडक्रस सोसाइटीको संस्था नवीकरण, संस्थाको आय तथा सम्पत्तिमा कर छुट र रेडक्रस कानून निर्माणका विषयमा छलफल भएको छ । सोसाइटीले अनुरोध गरेका विषयउपर सम्माननीय प्रधानमन्त्रीज्यूले गहन चासो राख्दै उपर्युक्त विषयमा आवश्यक सहयोग गर्ने आश्वासन दिनुभएको छ ।

## रक्तसञ्चार सेवालाई सुदृढ बनाउन सरकार प्रतिबद्ध छ : स्वास्थ्य मन्त्री बस्नेत



काठमाडौं, साउन १२ गते । नेपाल रेडक्रस सोसाइटी रक्तसञ्चार सेवाको ५८ औं स्थापना दिवस विविध कार्यक्रमहरूको आयोजना गरी देशव्यापी रूपमा मनाइएको थियो । वि.सं. २०२३ साल साउन १२ गते नेपाल रेडक्रस सोसाइटी रक्तसञ्चार सेवाको स्थापना भएको थियो ।

दिवसको अवसरमा नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालयमा एक विशेष कार्यक्रमको आयोजना गरिएको छ । उक्त कार्यक्रमको उद्घाटन गर्दै स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहनबहादुर बस्नेतले नेपाल रेडक्रसले कोभिड र भूकम्पका समयमा पुऱ्याएको रक्तसञ्चार सेवालगायतका मानवीय कार्यहरूको प्रशंसा गर्दै रेडक्रसको गरिमालाई बचाइ राख्न होसियारी र सर्तकता अपनाउनु पर्ने बताउनुभयो । रक्तसञ्चार सेवालाई गुणस्तरीय र सुदृढ बनाउन आवश्यक पर्ने सहयोगका लागि नेपाल सरकार सधैं प्रतिबद्ध रहेको बताउनुभयो ।

समाज कल्याण परिषदका उपाध्यक्ष मोनिका भट्टराई अधिकारीले रेडक्रसको संस्थागत विकासको लागि समन्वय, सहकार्य र सहजीकरण गर्दै अगाडि बढ्न परिषद तयार रहेको बताउनुभयो । यसैगरी समाज कल्याण परिषदका सदस्य सचिव मनोज भट्टले रक्तदाता र संघसंस्थाहरूबाट पुऱ्याइएको योगदानको सरहाना गर्दै नेपाल रेडक्रसको राष्ट्रिय र अन्तर्राष्ट्रिय छविलाई कायम राख्न सबैको पक्षको सहयोग आवश्यक रहेको बताउनुभयो ।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका निर्देशक डा. रूणा झाले रक्तसञ्चार सेवा केन्द्रहरूको अवलोकन गरी सुधार गर्न आवश्यक देखिएको बताउँदै रक्तदाताहरूबाट संकलित रगतको समुचित प्रयोगको सुनिश्चिततामा जोड दिनुभयो ।

नेपाल सोसाइटीका अध्यक्ष प्रा.सुदर्शनप्रसाद नेपालले रक्तसञ्चार सेवाको अभियानमा सहयोग पुऱ्याउने रक्तदाता, रक्तदान गर्ने संघसंस्था, सरकारलगायतका सम्पूर्ण पक्षलाई धन्यवाद ज्ञापन गर्नुभयो । रक्तसञ्चार सेवालाई प्रभावकारी बनाउन सरोकारवाला निकायहरूबाट प्राप्त सुझावहरूलाई मनन गरी सेवालाई अझ गुणस्तरीय र प्रभावकारी बनाइने अध्यक्ष नेपालले बताउनुभयो ।

नेपाल रेडक्रस सोसाइटीका महामन्त्री भूपतिलाल श्रेष्ठले आधुनिक चिकित्साको विकाससँगै रगत र रक्ततत्वको माग बढिरहेको अवस्थामा यसलाई परिपूर्ति गर्न बजेटसहितको राष्ट्रिय योजनाको खाँचो औंल्याउनु भयो । रगतको चिकित्सकीय प्रयोगलाई व्यवस्थित बनाउने र स्रोत थप गर्नुपर्ने जस्ता चुनौतीहरू रहेको र यी चुनौतीहरूलाई नेपाल रेडक्रस सोसाइटीले चालु आर्थिक वर्षमा सम्बोधन गर्ने महामन्त्री श्रेष्ठले बताउनुभयो।

नेपाल रेडक्रस सोसाइटीका कोषाध्यक्ष वीरवहादुर बस्नेतले मानवीय संस्था नेपाल रेडक्रसद्वारा सञ्चालित रक्तसञ्चार सेवाका लागि सहयोग पुऱ्याउने व्यक्ति र संघसंस्थालाई धन्यवाद व्यक्त गर्नुभयो ।

नेपाल रेडक्रस सोसाइटीका उपमहामन्त्री मनोजकुमार थापाले सोसाइटीले आफ्नो स्थापना कालदेखि नै रगत व्यवस्थापनका लागि सरकारबाट प्राप्त जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्दै आएको बताउनुभयो । रक्तसञ्चार सेवालाई आजको अवस्थामा ल्याइ पुऱ्याउन स्वयंसेवी रक्तदाता र रक्तदान कार्यक्रम आयोजना गर्ने संघसंस्थाहरूको अहम भूमिका रहेको बताउँदै सबैलाई धन्यवाद व्यक्त गर्नुभयो ।

(क्रमशः पृष्ठ ४ मा)





पृष्ठ ३ बाट क्रमशः

ब्लड डोनर्श एशोसियसन नेपालका अध्यक्ष सानुबाबु प्रजापतिले एशोसियनको नि:शुल्क रगत उपलब्ध गराउने अभियानमा नगरपालिका र पालिकाहरूबाट प्राप्त सहयोग महत्वपूर्ण रहेको बताउँदै नेपाल रेडक्रस र एशोसियसन बिच सहकार्य गरी रक्तसञ्चार सेवालाई अझ बढी प्रभावकारी बनाउन सकिने बताउनुभयो ।

केन्द्रीय रक्तसञ्चार सेवाको वार्षिक प्रतिवेदन समीक्षात्मक रूपमा प्रस्तुत गर्दै नेपाल रेडक्रस सोसाइटीका कार्यकारी निर्देशक उमेशप्रसाद ढकालले गत एक वर्षमा नेपाल रेडक्रस सोसाइटीका देशभर का रक्तसञ्चार केन्द्रहरूबाट दुई लाख ८१ हजार तीन सय १६ युनिट रगत सङ्कलन गरी रगत र रक्ततत्वसहित तीन लाख ९१ हजार आठ सय ५३ युनिट उपलब्ध गराउन सोसाइटी सक्षम भएको बताउनुभयो । उहाँले देशका ७३ जिल्लाका १२० स्थानमा रक्तसञ्चार सेवा केन्द्र तथा एकाईहरू क्रियाशिल रहेको जानकारी गराउनुभयो । रगतको सहज आपूर्तिका लागि जनसाधारणलाई रक्तदानको महत्व बुझाउनु पर्नेमा जोड दिदै रक्तदातालाई थप उत्प्रेरित गर्नु आवश्यक रहेको कार्यकारी निर्देशक ढकालले बताउनुभयो ।

कार्यक्रममा रक्तसञ्चार सेवालाई सहयोग पुऱ्याउने व्यक्ति, उत्कृष्ट संकलक संस्थाहरूलगायतलाई दिवसका अवसरमा सम्मानित गरिएको थियो । सो अवसरमा नेपाल रेडक्रस कर्मचारी संघ र कर्मचारी कल्याण कोषद्वारा संयुक्त रूपमा आयोजना गरिएको रक्तदान कार्यक्रममा रेडक्रसका स्वयंसेवक र कर्मचारीले रक्तदान गर्नुभएको थियो । दिवसका अवसर मा आयोजित कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय पदाधिकारी, सदस्य, जिल्ला शाखाका प्रतिनिधि, स्थानीय सरकारका प्रतिनिधि, रक्तदाता, रक्तदान आयोजना गर्ने संघसंस्थाहरूका प्रतिनिधि, विभागीय निर्देशक र अन्य कर्मचारीहरूको सहभागिता रहेको थियो ।




## चौरजहारीमा ब्लड बैंक शुरू

रुकुम पश्चिम, साउन २ गते । रगत आपूर्तिको सहज व्यवस्थापनका लागि रुकुम पश्चिमको चौरजहारी नगरपालिका १ स्थित चौरजहारी अस्पताल नजिकै ब्लड बैंक शुरु गरिएको छ ।

नेपाल रेडक्रस सोसाइटी चौरजहारी उपशाखाको पहल र चौरजहारी नगरपालिकाको लगानीमा सञ्चालन गरिएको सो ब्लड बैंक चौरजहारी नगर पालिकाका प्रमुख पुष्प वादीले एक कार्यत्रमका बीच उद्घाटन गर्नुभएको थियो ।

## नि:शुल्क रगतका लागि अक्षयकोष


सिन्धुली । नि:शुल्क रगत उपलब्ध गराउन रु.१ करोडको अक्षयकोष स्थापनाको लागि नेपाल रेडक्रस सोसाइटी रानीवास १४ उपशाखाको आयोजनामा कमलामाई नगरपालिका.१४ रानीवासमा सञ्चालित सहयोग सङ्कलन अभियान अन्तर्गत १ लाख ८५ हजार १५०१- रुपौयाँ सहयोग प्राप्त भएको नेपाल रेडक्रस सोसाइटी सिन्धुली जिल्ला शाखाले जनाएको छ । उक्त कोषबाट ब्लड बैंक संचालन तथा व्यवस्थापन गरी आवश्यक परेकालाई नि:शुल्क रगत उपलब्ध गराउने उद्देश्यसहित यो अभियान शुरु गरिएको शाखाले जनाएको छ ।

## विश्व स्तनपान सप्ताह सम्पन्न

साउन १७ गते । **स्तनपान मैत्री कार्यस्थलको सुनिश्चितता सबै सरोकारवालाको प्रतिबद्धता** भन्ने नाराका साथ मनाइरहेको विश्व स्तनपान सप्ताहको अवसरमा नेपाल रेडक्रस सोसाइटीका निकायहरूले पनि देशैभर विभिन्न कार्यक्रमहरूको आयोजना गरेका छन् । यसै अवसरमा गुल्मीको पुर्तिघाट स्वास्थ्य चौकीको आयोजना र नेपाल रेडक्रस सोसाइटी गुल्मीको सहकार्य एवं सहजीकरणमा पुर्तिघाट स्वास्थ्य संस्था अन्तर्गतका स्वास्थ्य आमा समुहका आमाहरूका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ ।

यसैगरी नेपाल रेडक्रस सोसाइटी कालीकोट जिल्ला शाखाद्वारा सान्नित्रिवेणी गाउँपालिका स्थित मेहलमुडी स्वास्थ चौकीका सुनौला १००० दिनका आमाहरू र स्वास्थ्य आमा समुहका सदस्यहरूको सहभागितामा विश्व स्तनपान सप्ताह मनाइएको शाखाले जनाएको छ ।

त्यसैगरी नेपाल रेड्क्रस सोसाइटी खोटाङ जिल्ला शाखा र दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको स्वास्थ्य शाखाको संयुक्त आयोजनामा पालिका स्थित आचार्य गाउँका महिलाहरूको सक्रिय सहभागितामा स्तनपान सप्ताह मनाइएको शाखाले जनाएको छ ।



रक्तदान गर्नुहोस् ताकि अन्य मानिसहरूलाई पनि त्यसो गर्न प्रोत्साहन मिलोस् ।

# रामेछापका तीन गाउँपालिकामा निःशुल्क रगत उपलब्ध गराइने



काठमाडौं, साउन २३ गते। रामेछाप जिल्लाको उमाकुण्ड, खाँडादेवी र लिखुतामाकोशी गाउँपालिकाका बासिन्दाहरूलाई निःशुल्क रगत उपलब्ध गराउन सम्बन्धित गाउँपालिका र नेपाल रेडक्रस सोसाइटी (नेरेसो) रामेछाप जिल्ला शाखा बीच सम्झौता भएको छ। सम्बन्धित गाउँपालिकाका बासिन्दाहरूलाई निःशुल्क रगत उपलब्ध गराउन नेरेसो रामेछाप जिल्ला शाखाले नेरेसोका अन्य जिल्ला शाखा र केन्द्रीय रक्तसञ्चार केन्द्रसँगसमेत आन्तरिक सम्झौता गरेको छ। यसै बीच नेरेसो रामेछाप जिल्ला शाखा र नेरेसो केन्द्रीय रक्तसञ्चार सेवा बीच साउन २३ नेरेसो केन्द्रीय कार्यालयमा सम्झौता भएको छ।

केन्द्रीय कार्यालयमा भएको नेरेसोको आन्तरिक सम्झौताअनुसार सम्झौता पत्रमा नेपाल रेडक्रस सोसाइटी केन्द्रकातर्फबाट महामन्त्री भूपतिलाल श्रेष्ठ र नेरेसो रामेछाप जिल्ला शाखाकातर्फबाट शाखाका मन्त्री दुर्गाबहादुर श्रेष्ठले हस्ताक्षर गर्नुभएको छ।

सोसाइटीका महामन्त्री भूपतिलाल श्रेष्ठले बिरामीहरूलाई निःशुल्क रूपमा रगत उपलब्ध गराउन नेरेसो रामेछाप जिल्ला शाखाबाट गरिएको पहलको प्रशंसा गर्दै यसले नेरेसोको रक्तसञ्चार सेवालाई अझ प्रभावकारी रूपमा सञ्चालन गर्न महत्वपूर्ण सेवा पुग्ने बताउनुभयो। यसैगरी नेरेसो रामेछाप जिल्ला शाखाका मन्त्री दुर्गाबहादुर श्रेष्ठले आगामी दिनहरूमा जिल्लाका सबै पालिकाहरूमा निःशुल्क रक्त सेवा प्रदान गर्ने गरी स्थानीय निकायहरूसँग सम्झौता गर्दै जाने जिल्ला शाखाको योजना रहेको बताउनुभयो।

सम्झौता कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका कार्यकारी निर्देशक उमेशप्रसाद ढकाल, नेरेसो रामेछाप जिल्ला शाखाका प्रतिनिधि शम्भुकुमार बुढाथोकी, रक्तसञ्चार सेवा केन्द्रका निर्देशक दिव्यराज पौडल र उपनिर्देशक डा. प्रकाशकुमार यादव उपस्थित हुनुहुन्थ्यो।

# विपद् व्यवस्थापनमा नेपाल रेडक्रस

नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला शाखाद्वारा सञ्चालित उत्थानशील जीविकोपार्जन कार्यक्रमअन्तर्गत पोखरा महानगरपालिका १८ का लाभग्राहीहरुको सहभागितामा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

सो अभिमुखीकरण कार्यक्रममा जलवायु परिवर्तनको असर, महिला तथा घरेलु हिंसा, फोहोर मैला वर्गीकरण र व्यवस्थापन, बर्षायाममा पानीका कारण लाग्ने पानीजन्य रोग, बाढी, पहिरोका साथै ग्यास दुर्घटना र यसको न्यूनीकरण सम्बन्धी सैद्धान्तिक र व्यवहारिक ज्ञान दिइएको थियो।

यसैगरी नेपाल रेडक्रस सोसाइटी युवा रेडक्रस सर्कल पोखरा ११ ले वर्षाका कारण बिग्रेको सडकमा दुर्घटनाहरू भएपछि क्षतिलाई न्यूनीकरण गर्न सडक सरसफाइका कार्यक्रम सञ्चालन गरिएको जनाइएको छ।

नेपाल रेडक्रस सोसाइटी युवा रेडक्रस सर्कल पोखरा -११ को अनुरोधमा नेपाली सेना भगवती दल गण पोखराका प्रशिक्षकहरूबाट विपद् व्यवस्थापन तथा उद्धारसम्बन्धी एक दिने तालिम सम्पन्न भएको छ। जसमा आगलागी नियन्त्रण बाढी पहिरोको जोखिम, प्राथमिक उपचार, भूकम्पजस्ता विषयमा जानकारी गरिएको थियो।

अविरल बर्षाका कारण मोरङको जहदा गाउँपालिकामा आएको बाढीमा नेपाल रेडक्रस सोसाइटी मोरङ जिल्ला शाखाद्वारा बाढीको अनुगमन र निरीक्षण गरी प्रभावित परिवारलाई राहत सामग्री वितरण गरिएको शाखाले जनाएको छ।

पृष्ठ १ बाट क्रमशः

हित विपरित संस्थाको नाम, चिन्ह, लेटरहेड र छाप दुरुपयोग गरी सूचना प्रवाह र अवैधानिक गतिविधिसमेत गरिरहेको विषयप्रति केन्द्रीय कार्यसमितिको गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ।

नेपाल रेडक्रस सोसाइटीको वर्तमान अवस्था, आगामी कार्यदिशा र नेपाल रेडक्रस सोसाइटीका बारेमा फैलाइएका भ्रमका विषयमा सञ्चार माध्यम मार्फत् जनसाधारणलाई स्पष्ट पार्ने उद्देश्यले केन्द्रीय कार्यालयमा पत्रकार भेटघाट कार्यक्रम आयोजना गरिएको थियो।

नेपाल रेडक्रस सोसाइटीका नव नवनिर्वाचित अध्यक्ष सुदर्शनप्रसाद नेपालसहित पदाधिकारी केन्द्रीय सदस्यहरूको उपस्थितिमा आयोजित सो कार्यक्रममा नवनिर्वाचित महामन्त्री भूपतिलाल श्रेष्ठले संस्थाका तर्फबाट जारी प्रेस विज्ञप्ति प्रस्तुत गर्नुभएको थियो।

सो अवसरमा सञ्चार माध्यमका प्रतिनिधिबाट संस्थाका गतिविधिहरू, आगामी लक्ष्य, योजना र पारदर्शिताका बारेमा उठाइएका जिज्ञासाहरूको बारेमा महामन्त्री श्रेष्ठले स्पष्ट पार्नुभएको थियो।



**नेपाल रेडक्रस सोसाइटीले भक्तपुर स्थित चाँगुनारायण अस्पताललाई दश वटा अक्सिजन सिलिण्डर उपलब्ध गराएको छ । नेपाल रेडक्रस सोसाइटीका उपमहामन्त्री मनोज थापाले एक कार्यक्रमका बीच अक्सिजन सिलण्डरहरु अस्पतालका प्रतिनिधिहरूलाई हस्तान्तरण गर्नुभएको छ ।**

# नागरिक तहदेखि राज्य तहसम्मको हातेमालो नभईकन डेंगु रोग नियन्त्रण गर्न कठिन हुन्छ । डा. गोकर्ण दाहाल

*डेंगुको अवस्था र यसबाट बच्न ध्यान दिनुपर्ने कुराहरूका बारेमा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा अन्तर्गत कीटजन्य रोग शाखाका प्रमुख डा.गोकर्ण दाहालसँग गरिएको कुराकानी संक्षिप्तमा यहाँ प्रस्तुत गरिएको छ :*

## वर्षात्को समयमा देखिने डेंगु यस वर्ष वर्षभरीजस्तो देखियो भन्ने सुनियो, अहिले डेंगुको अवस्था कस्तो छ ?

यो वर्ष गत महिनाहरूमा डेंगु प्रकोपकै रूपमा देखा पऱ्यो, धेरै मानिसहरूमा संक्रमण भयो र डेंगुबाट झण्डै ८८ जना नागरिकहरूले ज्यान पनि गुमाउनु पऱ्यो । बिचमा जाडो मौसम सुरु भएसँगै डेंगु रोगबाट संक्रमित व्यक्तिहरूको संख्या कम देखिन थाल्यो । तथ्याङ्कको आधारमा धेरै ठूलो संख्या नदेखिएता पनि पुष महिनादेखि अहिलेसम्मको तथ्याङ्क हेर्ने हो भने देशको लगभग ४७ वटा जिल्लाबाट करिब ७०० जना जति डेंगुको बिरामीहरूको रिपोटिङ भएको तथ्याङ्क हामीसँग छ ।

## हामीले डेंगुको कुरा गर्दै गर्दा, डेंगु के हो र यो कसरी हुन्छ ?

डेंगु खासगरी एउटा भाइरसको कारणले हुने रोग हो । यो रोग एउटा व्यक्तिबाट अर्को व्यक्तिमा सर्न लामखुट्टे बाहकको रूपमा रहन्छ । एडिस जातको लामखुट्टेले टोकेको संक्रमित व्यक्तिलाई टोकेपछि आफ्नो शरीरमा पनि भाइरस लिन्छ र केही समय आफ्नो शरीरमा वृद्धि र विकास गरिसके पछि पुन: निरोगी व्यक्तिलाई टोक्यो भने अर्को व्यक्तिमा यो रोग सर्ने गर्छ । यो रोग खासगरी जुनसुकै समय, उमेर समूह र व्यक्तिलाई लाग्न सक्ने संभावना रहन्छ । पानी परिसकेपपछि, मनसुनको समयमा अथवा वर्षात्को समयमा र पछि केही समयसम्म यो लामखुट्टेले आफ्नो सन्तान उत्पादन गर्नका निम्ति प्रशस्त पानीको स्रोतहरू पाउँछ । त्यस आधारमा यो समयमा बढी मात्रामा संक्रमण देखिन्छ ।

## भाइरसजन्य अन्य रोगहरुको लक्षण डेंगु रोगसँग मिल्दोजुल्दो छन् भन्ने सुनिन्छ, तर डेंगु भयो भनेर चाहिँ कसरी थाहा पाउने ?

खासगरी डेंगु रोग भाइरसजन्य रोग भएकोले अन्य भाइरसजन्य रोगहरूको जस्तै प्रकृतिका लक्षणहरू देखिन्छन् । तर कहिलेकाहिँ डेंगु हो वा डेंगु बाहेक अन्य भाइसरजन्य रोगहरू हो भनी छुट्याउन त्यति सहज भने हुदैन । सामान्यतया डेंगु रोग लागिसकेपछि व्यक्तिमा अत्याधिक ज्वरो आउने, शरीरमा थकान महशुश हुने, शरीरका मांसपेशी, जोर्नीहरू कमजोर हुने, दुख्ने, थकान जस्तो महशुश हुने र धेरै जसोलाई टाउको दुख्ने, आँखा अगाडिको भागहरू खस्लाजस्तै गरी दुख्ने प्रकृतिका लक्षणहरू देखिन्छन् ।

कहिलेकाहिँ यसलाई हामीले बेवास्ता गऱ्यौं भने र समयमै निवारण गर्नेतर्फ लागेनौं भनेदेखि कसैकसैमा जटिल प्रकृतिको डेंगुको लक्षणहरू पनि देखिन्छन्, जस्तो: अत्याधिक मात्रामा पेट दुख्ने, शरीरमा भएका स-साना रक्तनलीहरू कमजोर भएर समस्या आउने र रगत जम्ने प्रक्रियामा पनि केही समस्याहरू आउने गर्दछ । शरीरमा रातारात बिमिराहरूजस्तो देखिने लक्षणहरू देखिन्छन भने कतिपय अवस्थामा व्यक्ति बेहोस हुने, शरीरमा डिहाड्रेशन हुने अथवा पानीको मात्रामा असन्तुलन हुने लगायतका लक्षणहरू देखिन्छ र बिरामीको मृत्युसम्म पनि हुनसक्ने संभावना रहन्छ ।



## विशेषगरी गर्मी क्षेत्रहरुमा बढी लामखुट्टे हुन्छ भनेर भनिन्छ । नेपालमा अहिले लगभग सबै जिल्लाहरुमा डेंगु देखिनसक्ने अवस्था हो ?

खासगरी सुरुसुरुमा विशेष गरी नेपालको तराइ क्षेत्रहरू जहाँ गर्मी धेरै हुन्छ त्यहाँ लामखुट्टे धेरै हुन्छ भन्ने विश्वास थियो तर गत वर्षको डेंगु रोगको प्रकोप हेर्दा पनि देशको ७७ वटै जिल्लाहरूबाट बिरामीहरू आए । यही तीन चार महिनाको अवधिमा पनि ४७ वटा जिल्लाबाट डेंगुका बिरामीहरू भएको रिपोटिङ भएको छ । यो सन्दर्भमा हेर्दा अब वातावरणीय परिवर्तनका कारण हुनसक्छ वा यातायातको सुविधाको कारणले एक ठाउँमा भएको लामखुट्टे अर्को ठाउँमा सजिलै पुग्नसक्ने र बिरामी पनि अर्को ठाउँमा सजिलै पुग्नसक्ने सुविधाको कारणले पनि धेरै जिल्लाहरूमा देखिएको छ । साथै लामखुट्टेले पनि आफ्नो आनीबानीमा पनि परिवर्तन गर्न सक्ने कारणले पनि हिमाली वा उच्च पहाडी जिल्लाहरूमा पनि लामखुट्टेको वृद्धि र विकास हुन सक्ने देखिन्छ । त्यस अर्थमा अहिले तराईमा मात्र वा निश्चित क्षेत्रहरूमा मात्रै डेंगु रोग रहन्छ भन्ने कुरा तथ्याङ्क र प्रमाणहरूले देखाउँदैनन् । त्यसैले हिमाल, पहाड र तराइ जुनसुकै क्षेत्रमा भए पनि डेंगु रोग लाग्न सक्छ र हामी सधैं सचेत रहनुपर्छ भन्ने कुरा यसले देखाउँछ ।

## डेंगु रोग समयमै पहिचान भएन तर लक्षणहरु देखियो भने नजिकैको औषधि पसलहरुबाट औषधि किनेर खाने चलन पनि छ, यसले कस्ता जोखिमहरु निम्त्याउँछ ?

हामीले समयसमयमा भनिरहेकै हुन्छौ डेंगु-भाईरसजन्य रोग हो र भाइरसजन्य रोगहरूमा यही उपचार हुन्छ भनेर यकिन गर्न सक्ने अवस्था रहँदैन । भाइरसजन्य रोगहरू साधारण अवस्थामा छ भने आफै ठीक हुँदै जाने पनि हुन्छ भने कतिपय अवस्थामा चिकित्सक, स्वास्थ्यकर्मीहरूको परामर्श लिनुपर्ने हुन्छ । डेंगु रोग लागेको अवस्थामा यदि आफूलाई ज्वरो आएको छ, टाउको दुखेको अवस्था छ भने जथाभावी औषधि पसलहरूबाट आफू खुशी औषधि किनेर खायौं भने कहिलेकाहिँ रगत जम्ने प्रक्रियामा असहज बनाइदिन्छ । हामीले खाने औषधिले र डेंगुले पनि रगत जम्ने प्रक्रियामा पनि समस्या निम्त्याउने भएकोले त्यस्तो अवस्थामा रक्तसश्राव बढाउने प्रकृतिका औषधिहरू खाईदियौं भने त्यसले झन जटिलता निम्त्याउन सक्छ ।

त्यसैले डेंगु रोग लागेको बेलामा अथवा आफ्नो समुदाय, घर वरिपरि कसैलाई डेंगु रोग लागेको छ र आफूलाई पनि सोही प्रकृतिका लक्षण देखिएको छ भने सामान्य अवस्थामा ज्वरोलाई व्यवस्थापन गर्न प्यारासिटामोल प्रयोग गर्न आग्रह गरेका छौं । तर दुखाई भयो, धेरै ज्वरो आएको छ भने जथाभावी औषधिको प्रयोगले जटिलता निम्त्याउन सक्ने संभावना रहने हुनाले यस्ता कुराहरूमा विचार पुऱ्याउनुपर्छ ।

## अब मौसमको हिसाबले पनि डेंगु लाग्ने समय सुरू भैसकेको छ र तथ्यांकले पनि डेंगु बढ्ने हो कि भनेर देखाएको छ । डेंगु कतै गत वर्षको तुलनामा अझै महामारीको रुप लिन्छ कि भनेर यसको लागि हाम्रो तयारी के कस्तो रहेको छ ?

गत महिनाहरूमा डेंगुको प्रकोप बढिसकेपछि हामी अलि सचेत भएर रोकथाम तथा नियन्त्रणका कामहरू गरिरहेका छौं । हामीले सुरु देखिनै जुनजुन पालिकाहरूमा डेंगुका घटनाहरू देखिएका छन् ती पालिकाका वडामा डेंगुका बिरामी देखिने बित्तिकै पत्राचार गरिराखेका छौं । जसमध्येमा झण्डै ७२ वटा स्थानीय तहलाई, जहाँ बिरामी देखियो ती ठाउँहरूमा पत्राचार गरेर डेंगुको बारेमा सचेतनाका गतिविधि गर्ने र लामखुट्टेको बासस्थान खोजेर नष्ट गर्ने राष्ट्रिय रणनीति अगाडि बढाउन पत्राचार गरिसकेका छौं ।

त्यसैगरी विभिन्न सरोकारवाला निकायहरू जस्तै: प्रदेश सरकार, जिल्ला स्वास्थ्य कार्यालय र स्थानीय तहका कतिपय ठाउँहरूमा जहाँ बिरामीहरू बढी देखिएका छन् त्यहाँ समन्वय गरी कसरी अगाडि जाने भन्ने बारेमा पनि छलफल गरेका छौं । त्यसैगरी यो वर्ष भरिको एउटा कार्ययोजना बनाएका छौ । स्थानीय सरकारले डेंगु रोकथाम तथा यियन्त्रणका निम्ति के काम गर्नुपर्ने, प्रदेश सरकारले कस्तो काम गर्नुपर्ने र संघीय सरकारको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले के काम गर्नुपर्ने भनेर कार्य योजनामा समेटिएको छ । त्यति मात्र नभएर पछिल्लो पटक स्वास्थ्य क्षेत्रबाट मात्र डेंगु रोगको रोकथाम तथा नियन्त्रण गर्न सकिदैन भन्ने कुरा प्रष्ट रूपमा बुझेका छौं । खासगरी रोगमा केन्द्रित भएर गर्नुपर्ने उपचार व्यवस्थापनमा चाहिँ स्वास्थ्य क्षेत्रले केही काम गर्न सक्छ तर लामखुट्टे नियन्त्रणको हकमा चाहिँ स्वास्थ्य बाहेकका अन्य सबै सरोकारवाला निकायहरू हातेमालो गरेनौं भने लामखुट्टेलाई नियन्त्रण गर्न सक्दैनौं र लामखुट्टे नियन्त्रण नहुँदासम्म डेंगु रोकथाम सजिलै गर्न सकिदैन । त्यस अर्थमा सबै

(बाँकि पृष्ठ ७ मा)

# डेंगु रोकथाम तथा नियन्त्रणमा नेपाल रेडक्रस



असार ३० गते । नेपाल रेडक्रस सोसाइटी ललितपुर जिल्ला शाखा अन्तर्गत इमाडोल उपशाखाबाट सञ्चालित डेंगु रोकथाम तथा नियन्त्रणका लागि सूचना केन्द्र स्थापना गरी प्रचारप्रसार गरिएको छ। यस्तै ललितपुरको पूर्ण चण्डीस्थित भास्सरा सेकेण्डरी स्कूलमा पनि डेंगुसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ ।

रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ (आईएफआरसी) को सहयोगमा नेपाल रेडक्रस सोसाइटी भक्तपुर जिल्ला शाखाअन्तर्गत सञ्चालित डेंगु पूर्वतयारी तथा प्रतिकार्य कार्यक्रमका स्वयंसेवकहरूले खोज र नष्ट गर अभियानअन्तर्गत कवाडी पसल, ग्यारेज लगायतका ठाउँहरूमा लामखुट्टे नष्ट गर्नुका साथै जनचेतनाका गतिविधिहरू सञ्चालन गरेका छन् ।

नेपाल रेडक्रस सोसाइटी मकवापुर जिल्ला शाखाद्वारा सञ्चालित डेंगु रोकथाम तथा नियन्त्रण कार्यक्रमअन्तर्गत साउन ८ गते बकैया गाउँपालिकाको हात्तिसुडे क्षेत्रका पानी जम्न सक्ने स्थानमा लाम्खुट्टेको लार्भा खोज्ने र नस्ट गर्ने साथै डेंगुसम्बन्धी सचेतनामूलक गतिविधि सञ्चालन गरिएको छ ।

साउने ८ गते नेपाल रेडक्रस सोसाइटी काठमाडौं जिल्ला शाखाद्वारा पशुपतिनाथ मन्दिर परिसरमा डेंगु रोगसम्बन्धी जनचेतना जगाउने कार्यक्रम गरिएको छ ।

यसैगरी नेपाल रेड्क्रस सोसाइटी खोटाङ जिल्ला शाखाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका र येसेलुखर्क गाउँपालिकामा रहेका आमा समूहका साथै समुदायमा डेंगु रोगसम्बन्धी सचेतना कक्षाहरू सञ्चालन गरिएको शाखाले जनाएको छ।

नेपाल रेडक्रस सोसाइटी बागलुङ जिल्ला शाखाद्वारा समुदायमा आधारित बृहत स्वास्थ्य कार्यक्रम अन्तर्गत काठेखोला र ताराखोला गाउँपालिकाका विभिन्न वडाका आमा समूहहरूलाई डेंगु तथा अन्य स्वास्थ्यसम्बन्धी सचेतनामूलक कार्यक्रम आयोजना गरिएको छ ।

साउन २१ गते डेंगु रोकथाम तथा नियन्त्रण अभियानलाई सहयोग पुर्‍याउने उद्देश्यले रुपन्देही स्थित नेपाल रेडक्रस सोसाइटीका मुणिमुकुन्द र बुटवल उपाशाखाको आयोजनामा शिक्षक नायकहरूका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको उपशाखाहरूले जनाएका छन् ।

यस्तै नेपाल रेडक्रस सोसाइटी मोरङ जिल्ला शाखाले समुदायमा सामाजिक परिचालकहरू परिचालन गरी डेंगुसम्वन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेको शाखाले जनाएको छ।

पृष्ठ ६ बाट क्रमशः

बहुनिकाय, बहुपक्षीय सहकार्य सहितको कार्ययोजना बनाइएको छ। सो कार्ययोजना संघीय सरकारबाट स्वीकृत भएर प्रदेश तहमा र सबै स्थानीय तहहरूमा पनि पठाईसकेका छौ । त्यति मात्र नभएर हामीले अन्य विभिन्न कामहरू स्थानीय तह र प्रदेशको स्वास्थ्य कार्यालयहरूले पनि आआफ्नो तर्फबाट काम गरिराख्नुभएको छ।

यति भन्दै गर्दा डेंगु रोकथाम तथा नियन्त्रणमा सम्बन्धित सरोकारवाला निकायले मात्रै गरेर पनि हुँदैन आम नागरिक, घरपरिवारको प्रत्येक सदस्य लाग्न सक्यौ सकियो भने अन्ततः डेंगीको रोकथाम तथा नियन्त्रण गर्न सहज हुन्छ।

**यहाँले सरोकारवालादेखि परिवार वा व्यक्ति स्वयंको कुरा गर्नु भयो, हरेक शुक्रबार आधी घण्टा भन्ने अभियान पनि यहाँहरूले चलाइरहनु भएको छ, अनि व्यक्तिगत रुपमा हरेक व्यक्तिले लामखुट्टेको बासस्थान नष्ट गरेमा डेंगुबाट बच्न सकिन्छ ?**

अन्तर्राष्ट्रिय स्तरमा जुनजुन अन्य देशहरूमा ठूलो प्रकोपको रूपमा डेंगु रहेको थियो । ती देशहरूले नियन्त्रण गरेका अभ्यासहरूलाई हेर्यौं भने पनि व्यक्तिगत वा नागरिक तहबाट नलागी यो लामखुट्टेलाई नियन्त्रण गर्न सकिदैन । असाध्यै बाठो लामखुट्टे असाध्यै चलाख लामखुट्टे पनि हो यो। त्यस अर्थमा कम्तिमा पनि हप्तामा एक दिन मात्रै भए पनि आफ्नो घरको माथिदेखि तलसम्म अनावश्यक रूपमा जमेको पानीहरूलाई व्यवस्थापन गर्ने र व्यवस्थित पानी सञ्चयको व्यवस्था गर्ने अभ्यास गर्न जान्यौं भने पनि यो रोग नियन्त्रण गर्न सकिन्छ। आफूले मात्र गरेर पनि हुँदैन यो लामखुट्टे उडेर जता पनि जान सक्ने भएकोले आफ्नो छरछिमेकमा पनि त्यो व्यवस्थापन भएको छ कि छैन भनेर हेर्यौं भने र चासो राख्यौं भने आफ्नो घर मात्र नभएर सबै समुदाय छरछिमेकबाट यसलाई नियन्त्रण गर्न सकिन्छ।

**अन्त्यमा आम नागरिकलाई अहिलेको समयमा तपाईको मुख्य सन्देश के छ ?**

अब हामी डेंगु रोगको जोखिमको समयमा पुग्दैछौ, मनसुनको सुरुवात पनि भएको छ। लगभग ४-५ महिना हामी डेंगु रोगको जोखिममा रहेका छौं । यस अर्थमा पहिलो भनेको डेंगु सार्ने लामखुट्टेको बासस्थान अथवा त्यसको सन्तान उत्पादन गर्ने वातावरणलाई निरुत्साहित गर्यौं भने डेंगु रोकथाम गर्न सकिन्छ र बच्न सकिन्छ । अर्को कुरा सुत्ने समयमा झुलको प्रयोग गर्ने, घरबाहिर निस्किँदा र आफ्नो कार्यास्थल वा कार्याक्षेत्रमा पूर्ण शरीर ढाक्ने कपडाहरू प्रयोग गर्यौं भने, लामखुट्टेले टोक्न सक्छ भनेर सचेत बन्न सक्यौं भने र लामखुट्टेको वृद्धि र विकासलाई रोक्न सक्यौ भने हामी यसलाई नियन्त्रण गर्न सक्छौं । हामी सबैको हातेमालो नभइकन नागरिक तहदेखि राज्य तहसम्म सबै क्षेत्रको हातेमालो नभईकन डेंगुलाई रोकथाम तथा नियन्त्रण गर्न गाह्रो हुन्छ । डेंगुको रोकथाम र नियन्त्रण गरौं यसबाट जान सक्ने ठूलो धनजनको क्षति न्यून गर्न सबैले आआफ्नो ठाउँबाट भूमिका खेलौं ।

## लामखुट्टेको टोकाइबाट हुने डेंगुका बिरामी देखिन थालेकाले,

- पुरा बाहुला भएका लुगा लगाउने ।
- झुलभित्र मात्र सुत्ने ।
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने गरी जाली हाल्ने ।
- घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने ।
- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने ।
- गमलाको प्लेट, फुलदानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक सफा गर्ने ।
- पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोपेर राख्ने ।
- साँझ र विहान करेसावारी, चोक वजारतिर जाँदा वा घर वाहिर निस्कँदा सावधानी अपनाउने ।

**डेंगु रोगबारे सचेत बनौं ।**

“घरबाटै शुरु गरौं, महिला हिंसा अन्त्य गरौं ।”



Nepal Red Cross Society

नेरेसोका नवनिर्वाचित केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको स्वागतका लागि केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रमको एक झलक ।



# निःशुल्क रगतका लागि चन्द्रागिरी नगरपालिका र नेपाल रेडक्रस बीच सम्झौता

काठमाडौं, साउन २५ । काठमाडौंको चन्द्रागिरी नगरपालिकाबासीलाई निःशुल्क रगत उपलब्ध गराउने र रगत आपूर्तिमा सहयोग पुऱ्याउने उद्देश्यका साथ नगरपालिका र नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालय बीच एक सम्झौता सम्पन्न भएको छ ।

सम्झौता कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्राध्यापक सुदर्शन प्रसाद नेपालले चन्द्रागिरी नगरपालिकाले नगरबासीलाई गत वर्षदेखि निःशुल्क रगत उपलब्ध गराउने अभियानमा सहयोग पुऱ्याउँदै आएकोमा आभार प्रकटसहित धन्यवाद व्यक्त गर्नुभयो । सो अवसरमा अध्यक्ष नेपालले जनसाधारणलाई निःशुल्क रूपमा रगत उपलब्ध गराउने र यसको संवेदनशीलताका बारेमा जनसाधारणलाई बुझाउने कार्यमा स्थानीय पालिकाहरूसँग सहकार्य गरी समन्वयात्मक रूपमा अगाडि बढ्न नेपाल रेडक्रस सदैव आतुर रहेको बताउनुभयो ।

चन्द्रागिरी नगरपालिकाका नगरप्रमुख घनश्याम गिरीले रगत अत्यन्त आवश्यक भई भौतारिएर सर्वसाधारणले दुःख पाइरहेको अवस्थालाई ध्यानमा राखी पालिकाले नेपाल रेडक्रससँग सहकार्य गरी गत वर्षदेखि नगरवासीहरूलाई निःशुल्क रगत उपलब्ध गराइरहेको बताउनुभयो । असाहय, अशक्त, कमजोर अवस्थाका जोसुकै बिरामीहरूलाई पनि निःशुल्क रगत उपलब्ध गराउन कोषको व्यवस्थापन गरी सहयोग पुऱ्याइने नगरप्रमुख गिरीले बताउनुभयो ।

नेपाल रेडक्रस सोसाइटीका महामन्त्री भूपतिलाल श्रेष्ठले नागरिकको मौलिक हकबमोजिम स्वस्थ रूपमा बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्न सरकारले सञ्चालन गरिरहेको गतिविधिहरूमा नेपाल रेडक्रसले रक्तसञ्चारलगायत अन्य स्वास्थ्यका कार्यक्रमहरूमार्फत् सहयोग पुऱ्याइरहेको बताउनुभयो ।




सो अवसरमा बोल्दै नेपाल रेडक्रस सोसाइटीका उपमहामन्त्री एवं रक्तसञ्चार सेवा व्यवस्थापन समितिका संयोजक मनोजकुमार थापाले काठमाडौंका चन्द्रागिरीलगायतका नगरपालिकाहरूले निःशुल्क रगत उपलब्ध गराउन सञ्चालन गरिरहेको अभियान देशका अन्य पालिकाहरूले पनि अनुशरण गर्नुपर्ने बताउनुभयो ।

नेपाल रेडक्रस सोसाइटीका कार्यकारी निर्देशक उमेशप्रसाद ढकालले सम्झौता पत्रको विवरण प्रस्तुत गर्दै रगत र रक्ततत्व आवश्यक पर्दा स्टकमा उपलब्ध भएको आधारमा प्राथमिकता दिई केन्द्रीय रक्तसञ्चार सेवा, भक्तपुर र ललितपुर रक्तसञ्चार सेवाले चन्द्रगिरी नगरपालिकाका बासिन्दालाई निःशुल्क उपलब्ध गराउने व्यवस्था सम्झौता पत्रमा उल्लेख भएको बताउनुभयो ।

नेपाल रेडक्रस सोसाइटी केन्द्रीय रक्तसञ्चार सेवाका निर्देशक दिव्यराज पौडेलले नगरबासीलाई निःशुल्क रगत उपलब्ध गराउन र रगत आपूर्तिमा सहयोग पुऱ्याउन नगरपालिका र नेपाल रेडक्रस बीच सम्झौता गरिएको बताउनुभयो ।

सो कार्यक्रममा चन्द्रागिरी नगरपालिकाका प्रतिनिधिहरू, नेपाल रेडक्रस सोसाइटी काठमाडौं र भक्तपुर जिल्ला शाखाका प्रतिनिधि, नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयका निर्देशक, कार्यक्रम प्रमुखहरू र अन्य कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

यसैगरी रामेछाप जिल्लाको उमाकुण्ड, खाँडादेवी र लिखुतामाकोशी गाउँपालिका र कान्ति बालअस्पतालसँग पनि निःशुल्क रगत तथा रक्ततत्व उपलब्ध गराउने सम्बन्धमा नेपाल रेडक्रस सोसाइटीसँग हालै सम्झौताहरू सम्पन्न भएको छन् ।